## क्षेत्रफल, सिमाना, भौगोलिक विभाजन

* नेपालले विश्वको कूल क्षेत्रफलको कति प्रतिशत भाग ओगटेको छ ? -०.०३ प्रतिशत

* नेपालले एसिया महादेशको कति प्रतिशत भाग ओगटेको छ ? -०.३ प्रतिशत

* नेपालको पूर्व पश्चिम औसत लम्बाइ कति रहेको छ ? -८८५ कि.मि.

* नेपालको उत्तर-दक्षिण औसत चौडाइ कति रहेको छ ? -१९३ कि.मि.

* नेपालको उत्तर-दक्षिण अधिकतम चौडाइ २४१ कि.मि. छ भने न्युनतम चौडाइ कति छ?

-१४५ कि.मि.

* नेपालको प्रामाणिक समय कुन स्थानलाई आधार मानी निर्धारण गरिएको छ ?

-गौरीशंकर हिमाललाई काटेर गएको ८६० १५' पूर्वी देशान्तर रेखाका आधारमा

* नेपालको प्रमाणिक समय लन्डनको ग्रीनवीच समयभन्दा कति छिटो छ ?

-५ घण्टा ४५ मिनेट

* गौरीशंकर हिमाललाई आधार मानी नेपालको प्रामाणिक समय कहिले निर्धारण गरिएको हो ?

-वि.सं. २०४२ वैशाख १ गते

* नेपालको सबभन्दा होचो भूभाग कुन हो ?

-धनुषाको मुसहरनिया (५९ मिटर) २०५८ मंसिर ३ देखि, यसअघि झापाको केचनाकलनलाई मानिन्थ्यो।

* धरातलको आधारमा नेपाललाई कति भागमा विभाजन गरिएको छ ?

-तीन (हिमाल, पहाड, तराई)

* हिमाली प्रदेश कति उचाइमा अवस्थित छ ?

-३००० मिटरदेखि ८८४८.८६ मिटरको उचाइसम्म

* हिमाली प्रदेशको उत्तर-दक्षिण चौडाइ कति छ ? -२५-५० किलोमिटर

* हिमाली प्रदेशलाई कति भागमा विभाजन गरिएको छ ?

-तीन (मुख्य हिमालय, भित्री हिमालय र सीमान्त हिमालय)

* पहाडी प्रदेश समुद्र सतहदेखि कति उचाइमा अवस्थित छ ?

-६०० मिटरदेखि ३००० मिटरको उचाइसम्म

* पहाडी प्रदेशलाई कति भागमा विभाजन गरिएको छ ?

-तीन (चुरेश्रेणी, महाभारत पर्वत र मध्यभूमि)

* नेपालको कुन क्षेत्रलाई 'अन्न भण्डार' भनी चिनिन्छ ? -तराई

* तराई प्रदेश समुद्र सतहदेखि कति मिटर उचाइमा अवस्थित छ ?

-५९ मिटरदेखि ६०० मिटरको उचाइसम्म

* तराई प्रदेशमा देशको कति प्रतिशत कृषि भूमि रहेको छ ? -करिब ५३ प्रतिशत

* तराई प्रदेशलाई कति भागमा विभाजन गरिएको छ ?

-तीन (तराई, भावर क्षेत्र र भित्री मधेश)

* सरकारले म्याग्दी जिल्लालाई हिमाली जिल्लाका रुपमा रुपान्तरण कहिले गरेको हो ?

-वि.सं. २०७५ फागुन १९ (राजपत्रमा प्रकाशित)

-वि.सं. २०७५ फागुन १९ मा केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन, २०७५ द्वारा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको संशोधनबाट हिमाली जिल्लामा सारिएको ।

-अब. हिमाली, पहाडी र तराईका जिल्लाका रुपमा वर्गीकरण गर्दा हिमाली जिल्ला २१, पहाडी जिल्ला ३५ र तराईका जिल्ला २१ कायम भएका।

* नेपालको हावापानीलाई कति भागमा विभाजन गरिएको छ ? -पाँच

* नेपालको हावापानीलाई प्रभाव पार्ने प्रमुख तत्त्व के हो ? -धरातलीय उचाइ

* समुद्र सतहदेखि १२०० मिटरको उचाइमा पाइने हावापानीलाई के भनिन्छ ?

-उष्ण मनसुनी हावापानी

* उष्ण मनसुनी हावापानी पाइने क्षेत्रमा सरदर वर्षा कति हुने गर्छ ?

-२०० सेन्टिमिटरसम्म